# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

*सूचना नम्बर: १७-२०८१/८२*

## तह मिलान/तह बृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।।

**(प्रकाशित मितिः २०८१/१२/२७ गते)**

लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राप्ती उपत्यका(देउखुरी),नेपालको मिति २०८१/१२/२७ गतेको सूचना अनुसार स्थानीय निजामति सेवा नियमावली, २०८१ दफा ७ बमोजिम तहमिलान/तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा तोकिएको सेवामुनि पदमा तोकिएको सेवाअवधि पुरा भएका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेको उपयुक्त उम्मेदवारहरुले पाँचौं/छैठौं/सातौं/आठौं तहमा तह मिलान/तह बृद्धि हुनका लागि स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियमानुसार सोही नियमावलीको अनुसूचीमा तोकिए बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८२ बैशाख ०२ गते) भित्र तपशिलका कागजात सहित यस कार्यालयको प्रशासन शाखामा  आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

*पुनश्चः नियमावलीको अनुसुची-१६ को ढाँचा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ।*

२०८१/१२/२७

(बुद्ध प्रकाश पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

**बुद्ध प्रकाश पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**